# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६५) काठमाडौं वैशाख १३ गते, २०७२ साल (अतिरिक्ताङ्क १

## भाग ५

नेपाल सरकार

### गृह मन्त्रालयको सूचना

नेपाल सरकारले दैवी प्रकोप (उद्धार) ऐन, २०३९ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी देहायका जिल्लाहरुलाई यो सूचना प्रकाशित भएको मितिले एक महिनाको लागि संकटग्रस्त क्षेत्र घोषणा गरेको छ ।

| | | |
|---|---|---|
| काठमाडौं | ललितपुर | भक्तपुर |
| काभ्रेपलाञ्चोक | सिन्धुपाल्चोक | नुवाकोट |
| रसुवा | धादिङ्ग | दोलखा |
| रामेछाप | गोरखा | सिन्धुली |

आज्ञाले,

**सूर्यप्रसाद सिलवाल**

नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-

गो.हु.द.नं. १६

१२. अस्पताल, स्वास्थ्य केन्द्र र औषधि निर्माण तथा विक्रि वितरण सम्बन्धी सेवा,

१३. फोहरमैलाको संकलन, ढुवानी, प्रशोधन, विसर्जन, स्थान निर्माण, पूर्वाधार निर्माण र संकलन स्थल एवं व्यवस्थापन क्षेत्रसंग सम्बन्धित सेवा,

१४. बैंकिङ्ग सेवा,

१५. वीमा सेवा,

१६. विद्युत सेवा,

१७. दैनिक उपभोग्य बस्तुहरु (खाद्यान्न, दाल, चामल, नून, तेल) को पैठारी ढुवानी भण्डारण तथा वितरण सम्बन्धी सेवा।

आज्ञाले,

सूर्यप्रसाद सिलवाल

नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६



# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६५) काठमाडौं वैशाख १४ गते, २०७२ साल (अतिरिक्ताङ्क २

## भाग ५

### नेपाल सरकार

### गृह मन्त्रालयको

### सूचना १

नेपाल सरकारले आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी देहायका जिल्लाहरुमा देहायका आवश्यक पदार्थको उत्पादन, वितरण वा व्यापारलाई नियन्त्रण गर्न आवश्यक भएकोले सोही ऐनको दफा ३ को उपदफा (२) बमोजिमका काम सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीले गर्न सक्ने गरी यो आदेश जारी गरेको छ ।

**जिल्लाहरु:** काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, धादिङ्ग, दोलखा, रामेछाप, गोरखा र सिन्धुली।

**आवश्यक पदार्थहरु:**

१. धान र चामल, मकै, गहुँ, कोदो, जौ र तिनको पिठो, मैदा र त्यस्तै किसिमका अरु खाद्यान्न,

२. रहर, मुगी, मास, मुसुरो, चना, भटमास र तिनको पिठो र त्यस्तै किसिमका अरु खाद्यान्न,

३. आलस, तोरी, सर्स्यु, तिल र तेल निकाल्न प्रयोग हुने त्यस्तै अन्य तेलहन र सबै किसिमका तेल,

४. दूध र दूधबाट तयार हुने खाद्य पदार्थ,

५. उखु र त्यसबाट पैदा हुने गुंड, सखर चिनी र अन्य त्यस्तै पदार्थ,

६. सुती वा उनी कपडा, कपास तथा ऊन,

७. कच्चा जूट र त्यसबाट तयार भएका वस्तुहरु,

८. मट्टितेल, पेट्रोल, डिजेल र सबै प्रकारका लुब्रिकेण्ट,

९. फलाम र फलामबाट तयार भएका वस्तुहरु,

१०. सिमेण्ट, ईट, जस्तापाता आदि निर्माणको निमित्त आवश्यक पर्ने वस्तुहरु,

११. सवारीको साधनहरु र त्यस्ता साधनहरुको निमित्त आवश्यक टायर, ट्यूब, पार्ट पूर्जाहरु,

१२. नून,

१३. औषधि





## सूचना २

नेपाल सरकारले आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायका आवश्यक सेवाहरुमा हड्ताल गर्न निषेध गरी यो आदेश जारी गरेको छ ।

१. डाँक, तार वा टेलिफोन सेवा,

२. जल, स्थल वा हवाइमार्गबाट यात्री वा मालसामान ओसारपसार गर्ने यातायात सेवा,

३. हवाइ अड्डा वा हवाइजहाजको देखभाल, त्यसको सञ्चालन वा मर्मत गर्ने कामसंग सम्बन्धित सेवा,

४. हवाइ ग्राउण्ड, रेल्वे स्टेशन वा सरकारी गोदाममा मालसामान ओसारपसार गर्ने वा राख्ने झिक्ने वा थन्क्याउने कामसंग सम्बन्धित सेवा,

५. प्रिण्ट वा सरकारी छापाखाना सम्बन्धि सेवा,

६. हातहतियार खरखजाना वा अरु कुनै सैनिक सरसामानको उत्पादन गर्ने, थन्क्याउने, वितरण गर्ने कामसँग सम्बन्धित नेपाल सरकार रक्षा व्यवस्थाको कुनै सेवा,

७. सञ्चार सेवा,

८. आन्तरिक सुरक्षा कार्यसंग सम्बन्धित सेवा,

९. खानेपानीको सञ्चालन तथा वितरण सेवा,

१०. पर्यटन आवास, मोटेल, होटल, रेष्टुँरा र रिसोर्ट सम्बन्धी सेवा,

११. पेट्रोलियम पदार्थ (एल.पिं.ग्याँस समेत) को पैठारी, ढुवानी, भण्डारण तथा वितरण सम्बन्धी सेवा,

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६५) काठमाडौं, वैशाख १७ गते, २०७२ साल (अतिरिक्ताङ्क ३

## भाग ५

### नेपाल सरकार

### गृह मन्त्रालयको

### सूचना १

नेपाल सरकारले दैवी प्रकोप (उद्धार) ऐन, २०३९ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल राजपत्र खण्ड ६५, २०७२ साल वैशाख १३ गतेको अतिरिक्ताङ्क १ मा प्रकाशित संकटग्रस्त क्षेत्र घोषणा सम्बन्धी सूचनामा ओखलढुङ्गा र मकवानपुर जिल्लाहरु थप गरेको छ ।

### सूचना २

नेपाल सरकारले नेपाल राजपत्र खण्ड ६५, २०७२ साल बैशाख १४ गतेको अतिरिक्ताङ्क २ मा प्रकाशित आवश्यक पदार्थ नियन्त्रण (अधिकार)

ऐन, २०१७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी आवश्यक पदार्थ नियन्त्रण सम्बन्धी जारी गरेको आदेश सम्बन्धी सूचनामा मकवानपुर र ओखलढङ्गा जिल्लाहरु थप गरेको छ ।

आज्ञाले,

सूर्यप्रसाद सिलवाल

नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।०६२।६३